# राप्ती नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हर्दी, भण्डारा, चितवन

बागमती प्रदेश, नेपाल


प.सं. :२०८२/०८३

च.नं. : ७३

मिति :

## वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुका लागि उद्यमशीलता प्रवर्द्धन कार्यक्रममा सहभागिता सम्बन्धी सूचना !

(सूचना प्रकाशन मिति: २०८३/०१/२९)

राप्ती नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुले विदेशमा आर्जन गरेको ज्ञान, सीप, पूँजी र अनुभवलाई स्वदेशमै उपयोग गरी स्वरोजगार बन्न प्रोत्साहन गर्ने उद्धेश्यले सञ्चालन गरिने **"वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको लागि उद्यमशीलता प्रवर्द्धन कार्यक्रम"** मा सहभागी हुन इच्छुक तथा योग्यता पुगेका यस नगरपालिकाका स्थायी बासिन्दाहरुले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र (२०८३ जेठ १२ गते कार्यालय समयभित्र) तोकिएको ढाँचामा नगरपालिकाको रोजगार सेवा केन्द्रमा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| कार्यक्रमको नाम | कार्यक्रम अवधि | लक्षित व्यक्ति/समूह | आवश्यक संख्या |
|---|---|---|---|
| उद्यमशीलता प्रवर्द्धन कार्यक्रम | ७ दिन | वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा नै उद्यम तथा व्यवसाय गर्न चाहने व्यक्तिहरु | २५ जना |

**तपसिल:**

१. तोकिएको ढाँचामा भरिएको निवेदन,

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि – १ प्रति,

३. राहदानी (Passport) को प्रतिलिपि – १ प्रति,

४. वैदेशिक रोजगारीबाट फर्केको खुल्ने प्रमाण (श्रम स्वीकृति, भिसा वा करार सम्झौताको प्रतिलिपि) -१ प्रति।

थप जानकारीको लागि:
रोजगार सेवा केन्द्र, राप्ती नगरपालिका
सम्पर्क: ९८४५५६३८५८

प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत




CamScanner

मितिः २०८३/......../........

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,**
राप्ती नगरपालिकाको कार्यालय, भण्डारा, चितवन।

**विषयः उद्यमशीलता प्रवर्द्धन कार्यक्रममा सहभागी हुन पाऊँ भन्ने सम्बन्धमा।**

उपरोक्त विषयमा राप्ती नगरपालिकाको मिति २०८३/०१/२९ मा प्रकाशित सूचना अनुसार वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूका लागि सञ्चालन गरिने **"उद्यमशीलता प्रवर्द्धन कार्यक्रम"** मा म पनि सहभागी हुन इच्छुक रहेकोले यो निवेदन पेश गरेको छु। मैले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको ज्ञान, सीप र अनुभवलाई आफ्नै नगरपालिकामा सदुपयोग गरी स्वरोजगार बन्ने लक्ष्य राखेको छु। मेरो व्यक्तिगत विवरण र आवश्यक कागजातहरू यसै साथ संलग्न छन्।

मेरो व्यक्तिगत विवरण:

१) नाम/थर: ........................................................................................ लिङ्गः...................
२) स्थायी ठेगाना: नगरपालिकाः राप्ती नगरपालिका, वडा नं.: ........, गाउँ/टोल: ..............................
३) नागरिकता नं.: .................................... जारी मिति: ......................................................
४) शैक्षिक योग्यताः ..........................................................................................................
५) राहदानी (Passport) नं.: ..............................................................................................
६) वैदेशिक रोजगारीमा गएको देश: ......................................................................................
७) विदेशमा गरेको कामको (सीप) प्रकार: ...............................................................................
८) स्वदेश फर्किएको मिति: ..................................................................................................
९) सम्पर्क मोबाइल नं.: .......................................................................................................
१०) इमेल (भएमा): ..............................................................................................................
११) हाल स्वदेशमा गर्दै गरेको पेशा वा व्यवसाय (भएमा):.............................................................
१२) यस उद्यमशीलता प्रवर्द्धन कार्यक्रमबाट के अपेक्षा गर्नुहुन्छ? ..............................................

माथि उल्लेखित विवरणहरू सत्य साँचो हुन्, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदक
**हस्ताक्षरः** ......................................
**नामः** ............................................

**संलग्न कागजातहरू:**

१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि - १ प्रति
२) राहदानी (Passport) को प्रतिलिपि - १ प्रति
३) वैदेशिक रोजगारीबाट फर्केको खुल्ने प्रमाण (श्रम स्वीकृति/भिसा/करार सम्झौता) - १ प्रति

CamScanner
CamScanner
CamScanner